# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
## गौचर, काठमाडौं
## Public Canteen सञ्चालन गर्ने सम्बन्धी
## खुला बोलपत्र आव्हानको सूचना
(सूचना प्रकाशित मितिः २०८२/ १०/०८ गते)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको O/A भवन र आन्तरिक टर्मिनल भवनको विच भागमा २२९.५३ व.मि क्षत्रफल रहेको स्थानमा Public Canteen सञ्चालनको लागि ३ (तीन) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.९२,८४,२१८/-(अक्षेरुपीः रु. बयानब्बे लाख चौरासी हजार दुई सय अठार मात्र) कायम गरी बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट आर्थिक वर्ष २०८१**/**२०८२ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी क्याफे/होटल/रेष्टुरेष्ट/चमेनागृह सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फारम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र नेपाल नागरिक उड्डयन प्राधिकरण (Civil Aviation Authority of Nepal) को नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर,काठमाडौं शाखामा रहेको चल्ती खाता नंम्बर १६९०१००००००११००६ मा रु.३,३९०/-(अक्षेरुपी तीन हजार तीन सय नब्बे) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल बैंक भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद, लिखित निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र यस कार्यालयको राजश्व शाखाबाट प्राप्त बाँकी बक्यौता नरहेको व्यहोराको पत्र कर्पोरेट महाशाखामा पेस गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिबाट २१ औ दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद तथा दर्ता गरिनेछ।

३. बोलपत्रसाथ फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,आर्थिक वर्ष २०८१**/**२०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि, सम्पूर्ण सञ्चालकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र र स्वीकृत आय अनुमान(न्यूनतम ठेक रकम) को ५% लें हुने धरौटी/बोलपत्र जमानत रकम रु.**४,६४,२११**/-Civil Aviation Authority of Nepal, TIA को नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर, काठमाडौं शाखामा रहेको धरौटी खाता नंम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको सिलबन्दी बोलपत्र खोल्ने मितिले कम्तिमा १८० दिन मान्य अवधि भएको सक्कल बैंक ग्यारेन्टी (Bid Bond),बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा भएको फर्म/कम्पनीको सञ्चालक समितिको निर्णय र बोलपत्र सम्बन्धि कागजातमा हस्ताक्षर गर्न प्राप्त अख्तियारीनामा पत्र समेत पेस गर्नुपर्नेछ।

४. छनौट भएको बोलपत्रदाताले तोकिएको स्थानमा अनिवार्य रुपमा आफ्नै खर्चमा सम्झौता भएको मितिले ७(सात) दिनभित्र सो कार्यको Drawing/Design यस कार्यालयमा पेस गरी कार्यालयको स्वीकृति पश्चात निजले संरचना निर्माण कार्य गर्नुपर्नेछ र सम्पन्न भएपछि सोको लिखित जानकारी यस कार्यालयलाई दिनुपर्नेछ । कार्यालयले उक्त संरचनाको अनुगमन गरी सो सम्बन्धमा कुनै सुझाव, निर्देशन दिएमा बोलपत्रदाताले सोको कार्यान्वयन गर्नुपर्नेछ । तत् पश्चात मात्र बोलपत्रदाताले सेवा सञ्चालनमा ल्याउन पाउनेछ । बोलपत्रदातालाई Drawing/Design स्वीकृति पश्चात ४५(पैतालिस) दिनको तयारी म्याद दिइनेछ । तयारी म्याद समाप्त भए पश्चात बहाल रकम र सम्झौताको अवधि गणना गरिनेछ । सम्झौता अवधि समाप्त भए पश्चात उक्त निर्माण गर्दा प्रयोग भएका सम्पूर्ण सामाग्रीहरु दोस्रो पक्षले ३५ दिनभित्र हटाई लैजान पाउनेछ । अन्यथा सो सामाग्रीहरु समेत कार्यालयको हुनेछ । सो उपर थप उजुर बाजुर गर्न पाईने छैन ।

५. विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम ४४(३) बमोजिम बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट बहाल रकम अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशतसम्म छुट दिइनेछ ।

६. दोस्रो वर्षदेखि प्रत्येक वर्ष बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकांकको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ । चमेनागृहमा नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीलाई २५(पच्चीस) प्रतिशत छुटमा चमेनागृहको सम्पूर्ण सेवा उपलब्ध गराउनुपर्नेछ ।

७. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, संस्थाहरुले बोलपत्रमा भाग लिन पाउने छैनन् ।

८. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट खुलाई श्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, कर्पोरेट महाशाखालाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

९. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा जुनसुकै समयमा जुनसुकै कारणले रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । बहालमा लिएको स्थान अन्य कुनै संस्थालाई हस्तान्तरण गर्न पाइने छैन ।

१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य विषयहरु विमानस्थल सेवा शुल्क नियमावली,२०७८ तथा प्रचलित ऐन, नियम, कानून बमोजिम हुनेछ ।

१४. सम्झौता अवधिमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शुल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

१५.उक्त एरियामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विमानस्थलको गुरु योजना अनुसार अन्तराष्ट्रिय टर्मिनल भवन(T2) तथा Internationsal Parking Bay लगायतका पूर्वाधारहरु निर्माण गर्ने योजना भएकाले सो स्थानमा निर्माण सम्वन्धिकार्य शुरु हुने भएमा वा कार्यालयलाई अन्य कारणले आवश्यक परेको खण्डमा सम्झौता अवधि भित्र पनि स्थान खाली गर्ने ब्यहोराको ३५ दिने लिखित सुचना दिईने छ।सो अवधि भित्र निःशर्त स्थान खाली गरिदिनु पर्ने छ।